**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण**

**सूचना सार्वजनिक गर्ने निकायको नामः-** नेपाल प्रहरी।

**सूचना सार्वजनिक गरेको अवधि**:- मिति २०७९/०४/०१ गतेदेखि २०७९/०६/३१ गतेसम्म

१. **निकायको स्वरूप र प्रकृति:-** नेपाल प्रहरी राष्ट्रको कानून कार्यान्वयन गर्ने प्रमुख एकाइको रूपमा रहेको छ। नेपालभर मुलुकको प्रहरी फोर्सको पुनर्गठन र त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले वि.स.२०१२ सालमा प्रहरी ऐनद्वारा नेपाल प्रहरीको विधिवत रूपमा स्थापना भएको हो। नेपाल प्रहरी हाल केन्द्रमा नेपाल प्रहरी प्रधान कार्यालय र सो अन्तर्गत विभागहरू तथा प्रत्येक प्रदेशमा प्रादेशिक स्वरूपमा ७७ जिल्ला र ७५३ स्थानीय तहहरूमा परिचालित रहेको छ।

२. **निकायको काम, कर्तव्य र अधिकार:-** प्रहरी ऐन २०१२ को प्रस्तावनामा नै उल्लेख गरिए बमोजिम अपराध रोक्ने र पत्ता लगाउने अर्थात अपराध अनुसन्धान र प्रचलित ऐन कानूनको कार्यान्वयन गर्दै शान्ति र व्यवस्था कायम राख्नु नेपाल प्रहरीको मुख्य कर्तव्य हो।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:-** नेपाल प्रहरीले नेपाल सरकारबाट स्वीकृत संख्या तथा दरबन्दीअनुसार राष्ट्रको सेवामा रही माथि उल्लेखित कार्यहरू सुसम्पन्न गर्दै आएको छ। हाल नेपाल प्रहरीको स्वीकृत दरबन्दी ७९,५४१ र कार्यरत जनशक्ति ७५,८६७ रहेको छ।

४. **निकायबाट प्रदान गरिने सेवा:-** अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान, महत्वपूर्ण प्रतिष्ठान र व्यक्तिहरूको सुरक्षा, कानून कार्यान्वयन, शान्ति सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था कायम गर्ने, ट्राफिक व्यवस्थापन, प्राकृतिक प्रकोपमा उद्धार तथा विपद् व्यवस्थापन र आम नागरिकको जीउ धनको सुरक्षा आदि।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:-** केन्द्रमा प्रहरी महानिरीक्षक र नेपाल प्रहरी प्रधान कार्यालयको प्रदेश समन्वय विभाग, अपराध अनुसन्धान विभाग, कार्य विभाग, मानवश्रोत विकास विभाग, प्रशासन विभाग लगायत राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रहरी अस्पताल, केन्द्रीय अनुसन्धान ब्यूरो र काठमाडौँ उपत्यका प्रहरी कार्यालयमा प्रहरी अतिरिक्त महानिरीक्षक प्रमुख रहने साथै सातै प्रदेशको प्रदेश प्रहरी कार्यालयमा प्रहरी नायब महानिरीक्षक प्रदेश प्रमुख रहने व्यवस्था रहेको छ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:-** सेवा प्रदान गरिएवापत सेवा शुल्क तथा अन्य कुनै पनि शुल्कहरू लिने नगरिएको। सेवा प्रदान गर्ने अवधिको सम्बन्धमा सकेसम्म छिटो सेवा प्रदान गर्ने गरिएको छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकार:-** कुनै पनि सूचनाको माग भएमा सोको विस्तृत अध्ययन, विश्लेषण तथा अनुसन्धान गरी गोपनीयतालाई प्राथमिकतामा राखी नेपालको संविधान २०७२ तथा प्रहरी ऐन २०१२ र प्रचलित ऐन कानून र नियमहरूको परिधि भित्र रही प्रक्रियागत रूपमा तहगत सांगठनिक नेतृत्वसमक्ष प्रतिवेदन पेश गरी आवश्यक निर्णय गरिँदै आएको।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी:-** प्रहरी ऐन २०१२, प्रहरी नियमावली २०७१ मा भएको व्यवस्था अनुसार स्थान विशेषका कार्यालय प्रमुख हुँदै तहगत रूपमा प्रहरी महानिरीक्षक, गृह सचिव तथा तालुक गृह मन्त्रालय तथा नेपाल सरकारमा रहने। सो कार्यलाई प्रभावकारी बनाउनको लागि नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत प्रहरी निरीक्षणालय र कानून शाखा मार्फत् कार्य सम्पादन गर्ने गरिएको।



नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

९. सम्पादन गरेको कामको विवरण:-

(१) अपराध अनुसन्धानतर्फ:-

(क) मुद्दा दर्तासम्बन्धी :–

| सि.न. | प्रहरी कार्यालयको नाम | मुद्दा दर्ता संख्या | फछ्यौट मुद्दा संख्या | अनुसन्धान जारी मुद्दा | प्रतिवादी पक्राउ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | काठमाडौं उपत्यका प्रहरी कार्यालय | ३६०७ | ६९७ | २९१० | २५०१ | |
| २ | १ नं प्रदेश प्रहरी कार्यालय, विराटनगर | २१७२ | ७९५ | १३७७ | १७७७ | |
| ३ | मधेशप्रदेश प्रहरी कार्यालय , जनकपुर | १६०७ | ९६६ | ६४१ | १६१४ | |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय,हेटौडा | ११८५ | ७८८ | ३९७ | ९३६ | |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १०८९ | ४२७ | ६६२ | ८४१ | |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १७२६ | ७७८ | ९४८ | १३९६ | |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ३८१ | २१० | १७१ | २७५ | |
| ८ | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ७७० | ३३४ | ४३६ | ७९० | |
| ९ | अन्य कार्यालयहरू (ब्यूरोहरू) | ६९ | ६९ | ० | १०६ | |
| जम्मा | | १२६०६ | ५०६४ | ७५४२ | १०२३६ | |

(ख) फरार अभियुक्त पक्राउतर्फ:-

| सि.न. | प्रहरी कार्यालयको नाम | कुल पक्राउ संख्या | असुल जरिवाना (रू) | कैफियत |
|---|---|---|---|---|
| १ | काठमाडौं उपत्यका प्रहरी कार्यालय | १३७ | १०,०९,६५,११२ | |
| २ | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३७८ | ६१,२७,१२८ | |
| ३ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ५७३ | १,००,०५,५६१ | |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा | १५५ | ८०,४१,२३७ | |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १४३ | १,१७,६५,५१९ | |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १५० | १,६५,२४,८४० | |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ४३ | ४,९८,१९३ | |
| ८ | सुदूरपश्चिम प्रहरी कार्यालय, धनगढी | ६४ | १४,२६,०५२ | |
| जम्मा | | १६४३ | १५,५३,५३,६४२ | |



नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(ग) लागूऔषध सम्बन्धी:-

(अ) बरामद लागूऔषध तथा पक्राउ प्रतिवादी संख्या:-

| सि.न. | प्रहरी कार्यालयको नाम | मुद्दा दर्ता सख्या | गाँजा | | चरेस | | हेरोइन | | अफिम | | कोकिन | | प्रतिवादी पक्राउ सङ्ख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | किलो | ग्राम | किलो | ग्राम | किलो | ग्राम | किलो | ग्राम | किलो | ग्राम | महिला | पुरुष | |
| १ | लागूऔषध नियन्त्रण ब्यूरो, कोटेश्वर | ३६ | १९ | ६५३ | ४ | ९४ | ४ | ८४२ | ० | ० | ० | ० | १४ | ६१ | नाईट्राभेट, एम्पुल डाईजेपाम, फेनार्गन, बुप्रेनोर्फिन लगायत अन्य लागूऔषध- ११७५३३ थान । |
| २ | काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ११३ | ५८ | ११५ | ० | ८२० | ० | १७४ | ० | ० | ० | ० | १२ | १६३ | |
| ३ | १ नं. प्र.प्र.का., विराटनगर | १९९ | ६९१ | ३२४ | ० | ० | ० | ४३५ | ० | ० | ० | ० | २२ | २५८ | |
| ४ | मधेश.प्र.प्र.का., जनकपुर | ११८४ | ७८९ | ६२४ | २९ | ६०० | ० | २७५ | ० | ० | ० | ० | १३ | २७४ | |
| ५ | बागमती प्र.प्र.का., हेटौंडा | १०४ | २४८१ | १६६८ | ९५ | ० | ७७ | ० | २ | ० | ० | ० | १३ | १५० | |
| ६ | गण्डकी प्र.प्र.का., पोखरा | ९८ | ६० | २०८ | ० | ३९८ | ० | २६ | ० | ० | ० | ० | ७ | १४३ | |
| ७ | लुम्बिनी प्र.प्र.का., दाङ | ११० | ७ | ५४८ | १५ | ८११ | ५१५ | ३९३२ | ० | ० | ० | ० | १० | १६८ | |
| ८ | कर्णाली प्र.प्र.का., सुर्खेत | २६ | ० | ३५० | ० | ३ | ० | ६५ | ० | ० | ० | ० | ७ | ४२ | |
| ९ | सुदुरपश्चिम प्र.प्र.का., धनगढी | ९६ | ४७ | २५ | २३ | ५५७ | ० | २४८ | ० | ० | ० | ० | ७ | १५२ | |
| जम्मा | | १९६६ | ४१५२ | ४५१५ | १६६ | ३२८३ | ५९६ | ५९९७ | २ | ० | ० | ० | १०५ | १४११ | |



नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(आ) नष्ट गरेको गाँजा/ अफिम खेती (जग्गा:- बिगाह/कट्ठा/रोपनी)

| सि.न. | प्रहरी कार्यालयकोनाम | गाँजा | | | | अफिम | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बिगाह | रोपनी | कट्ठा | धुर | बिगाह | रोपनी | कट्ठा | धुर | |
| १ | काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ० | ९७ | ० | ० | ० | ० | ० | ० | |
| २ | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | ० | ४५४ | ० | ० | ० | ० | ० | ० | |
| ३ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ० | ० | ७ | १० | ० | ० | ० | ० | |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा | २ | ० | ३४६ | ४०३ | ० | ० | ० | ० | |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ० | ३७० | ० | ० | ० | ० | ० | ० | |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ० | ३५ | १२ | १० | ० | ० | ० | ० | |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | २५ | १०९५ | ० | ० | ० | ० | ० | ० | |
| ८ | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ० | ११२ | ० | ० | ० | ० | ० | ० | |
| जम्मा | | २७ | २१६३ | ३६५ | ४२३ | ० | ० | ० | ० | |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

## (२) सामाजिक सञ्जालसम्बन्धी कारबाही (साइबर ब्यूरो)

| सि.न. | निवेदन प्राप्त भएको कार्यालय | समाजिक सञ्जाल | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | fb/messenger | viber | imo | youtube | whatsapp | twitter | instagram | website hacking | tiktok | email | esewa | others | जम्मा |
| १ | साइबर ब्यूरो | १२१६ | २ | ४ | १९ | ४५ | ० | ६ | ५ | १०२ | १३ | ३१ | २५ | १४६८ |
| २ | हेलो सरकार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | ८४ | ० | २ | ० | ३ | ० | १ | ० | १ | ० | ० | ० | ९१ |
| ४ | मधेश प्रदेश प्रहरी कार्यालय, धनुषा | ४८ | ० | १ | ० | १६ | ० | १ | ० | १७ | ० | १० | २ | ९५ |
| ५ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ४८ | ० | ० | ० | ० | ० | १५ | ० | १३ | ० | ० | ० | ७६ |
| ७ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ५५ | ० | ० | ० | ४ | ० | १ | ० | ६ | ० | १२ | ७ | ८५ |
| ८ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | सुदुरपश्चिम प्रदेश प्रहरी कार्यालय,धनगढी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | १४५१ | २ | ७ | १९ | ६८ | ० | २४ | ५ | १३९ | १३ | ५३ | ३४ | १८१५ |

(३) अप्रेशन तथा प्रहरी कार्यतर्फ:-

(क) विपद् सम्बन्धी

| सि.न. | विवरण | मानवीय क्षति | | | चौपाया क्षति | भौतिक क्षति | | | | | क्षतिको रकम | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | बेपत्ता | | भवन | उद्योग | विद्यालय | सरकारी कार्यालय | पुल | | |
| १ | आगलागी | ८ | ६८ | ० | १२३ | १३१ | १२ | ० | ० | ० | ३२,०४,६४,००० | |
| २ | बाढी | ५ | १२ | ११ | ११४ | ५६ | १ | ० | १ | ५ | १,०८,४५,००० | |
| ३ | पहिरो | ६५ | ६० | २२ | ३९७ | १६२ | ० | ० | ६ | १ | ३,८३,९०,७०० | |
| ४ | चट्याङ्ग | २७ | ८१ | ० | ३५९ | ० | ० | ० | ० | ० | ११,५८,००० | |
| ५ | जनावर आक्रमण | १० | ७२ | ० | ३२ | ८ | ० | ० | ० | ० | २४,०८,६०० | |
| ६ | हावाहुरी | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | २,२०,००० | |
| ७ | डुङ्गा दुर्घटना | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ८ | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | जम्मा | ११५ | २९३ | ३३ | १०२५ | ३६० | १३ | ० | ७ | ६ | ३७,३४,८६,३०० | |

(ख) सवारी कारबाहीबाट राजस्व संकलन सम्बन्धी:-

| सि.नं | प्रहरी कार्यालयको नाम | सवारी कारबाही संख्या | | | सङ्कलित राजस्व (रू) | कै |
|---|---|---|---|---|---|---|
| | | ठूला सवारी सङ्ख्या | मझौला सवारी सङ्ख्या | साना सवारी सङ्ख्या | | |
| १. | काठमाडौँ उपत्यका प्र. का, रानीपोखरी | ६१,३९२ | ६२,५६२ | ८७,९७३ | १३,६९,९२,००० | |
| २. | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | १८,३७७ | ५,४१२ | ३७,८४३ | ४,१६,०४,५०० | |
| ३ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | १६,८५३ | ९,२७५ | २८,६९३ | १,६२,६९,१०० | |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौँडा | ११६ | १३१ | ३३० | ५,४५,६६,५०० | |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १५,४९४ | १७,१३३ | २०,१२८ | ४,१२,६३,५०० | |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | २०,७८१ | १७,०८६ | २०,३०२ | ३,९३,६९,००० | |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | २,१८९ | १,८३७ | ३,५६० | ६०,३२,००० | |
| ८ | सुदूरपश्चिम प्र.प्रहरी कार्यालय, धनगढी | ६,०९८ | ५,८४३ | १२,१२४ | १,३८,६८,५०० | |
| | जम्मा | १४,१३०० | १,१९,२७९ | २,१०,९५३ | ३४,९९,६५,१०० | |



नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(ग) **अन्य प्रहरी कार्यबाट राजश्व संकलन (सुन, चाँदी, अवैध मुद्रा तथा भन्सार चोरी निकासी) सम्बन्धीः-**

| सि.नं | प्रहरी कार्यालयको नाम | कारबाहीको शीर्षक | सङ्कलित राजश्व (रू) |
|---|---|---|---|
| १ | काठमाडौं उपत्यका प्र.का., रानीपोखरी | अवैध मुद्रा तथा भन्सार चोरी निकासी | ७,८१,०७,६५० |
| २ | १.नम्बर प्रदेश प्रहरी कार्यालय, विराटनगर | अवैध सुन चाँदी, मुद्रा तथा भन्सार चोरी | १५,१९,९३,९९० |
| ३ | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | अवैध भन्सार छली | २३,३५,४७,६९३ |
| ४ | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा | भन्सार चोरी निकासी | २,२९,५९,९२६ |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | भन्सार छली, नदीजन्य, अवैध काठ, अवैध मुद्रा | २,२२,२१,०८० |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | भन्सार चोरी निकासी, अवैध मुद्रा | ४,०९१,०५९० |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | अवैध भन्सार छली | २३,५४,२६० |
| ८ | सुदूरपश्चिम प्र.प्रहरी कार्यालय, धनगढी | अवैध चोरी निकासी, अवैध भन्सार छली निकासी | ६८,९९,४०६ |
| **जम्मा** | | | ५५,८९,९४,५९५ |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(घ) सवारी दुर्घटना सम्बन्धी:-

| सि.न. | प्रहरी कार्यालयको नाम | सवारी दुर्घटनामा संलग्न सवारी साधनहरू | | | | | | | | | | | | मानिस: मृत्यु | | | | | | घाइते | | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ट्रक टेंकर | टिपर | डोजर, लोडर | बस | माईक्रो | जिप,कार | ट्याक्टर | टेम्पो | मो.सा | शा.स.च | अन्य | जम्मा | महिला | पुरुष | जम्मा | बालक | बालिका | जम्मा | महिला | पुरुष | जम्मा | बालक | बालिका | जम्मा | |
| १ | का.उ.प्रहरी कार्यालय | २८८ | ६१ | ० | ५४६ | ४६ | १६६४ | ४६ | ० | २०७६ | ५१ | ० | ४७७८ | १२ | २४ | ३६ | ३ | ० | ३ | ५९४ | १२४७ | १८४१ | ५९ | ५६ | ११५ | |
| २ | १. नम्बर प्र.प्र.का | ४४ | १६ | २ | ५१ | १० | १६० | ३२ | ११८ | ७८२ | १३२ | १० | १३५७ | १६ | ८१ | ९७ | ३ | ४ | ७ | ३२२ | ९८१ | १३०३ | ९९ | ५१ | १५० | |
| ३ | मधेश प्र. प्र.का | २९ | ४ | ० | ३० | २३ | ८१ | २८ | ६१ | ८३२ | १०४ | ३ | ११९५ | २८ | ५६ | ८४ | ७ | १३ | २० | २७७ | ५४१ | ८१८ | ११० | ५९ | १६९ | |
| ४ | बागमती प्र.प्र.का | ५४ | ३ | २ | ५७ | १७ | १०३ | ११ | १८ | ३१२ | ६ | ८ | ५९१ | ६२ | ११ | ७३ | ४ | ० | ४ | ६०७ | २४५ | ८५२ | ४५ | ७९ | १२४ | |
| ५ | गण्डकी प्र.प्र.का | ९ | ३ | ३ | १६ | ५ | २३ | ५ | १ | ५४ | १ | ० | १२० | ८ | २४ | ३२ | १ | ० | १ | ५२ | १०१ | १५३ | ९ | ६ | १५ | |
| ६ | लुम्बिनी प्र.प्र.का | १७ | ३ | १ | २५ | ३ | २९ | ६ | १० | १६१ | १० | ३ | २६८ | २० | ७२ | ९२ | ८ | ६ | १४ | ८४ | २२४ | ३०८ | १८ | १८ | ३६ | |
| ७ | कर्णाली प्र,प्र.का | ९ | २ | २ | ६ | ५ | २० | ७ | १८ | ६७ | १ | ० | १३७ | ५ | २१ | २६ | २ | १ | ३ | ६२ | १३१ | १९३ | २३ | १४ | ३७ | |
| ८ | सुदूरपश्चिम प्र. प्र.का | १ | ० | १ | ३ | ० | १२ | ३ | २ | ४४ | ४ | ० | ७० | १ | २९ | ३० | ० | ० | ० | १८ | ७८ | ९६ | १ | ३ | ४ | |
| जम्मा | | ४५१ | ९२ | ११ | ७३४ | १०९ | २०९२ | १३८ | २२८ | ४३२८ | ३०९ | २४ | ८५१६ | १५२ | ३१८ | ४७० | २८ | २४ | ५२ | २०१६ | ३५४८ | ५५६४ | ३६४ | २८६ | ६५० | |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(३) प्रहरी प्रशासनतर्फ:-

(क) भर्नासम्बन्धी

| मिति २०७९ साउन १ गतेदेखि मिति २०७९ असोज मसान्त सम्मको नयाँ भर्ना जनशक्ति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| समूह | दर्जागत संख्या | | | | | | | |
| | प्र.ना.उ. | प्र.नि. | प्र.ना.नि. | प्र.स.नि. | प्र.ज. | प्र.का.स | जम्मा | कै. |
| जनपद तर्फ | ० | ० | ० | ४४३ | ० | ० | ४४३ | |
| प्राविधिक तर्फ | २ | ४६ | १०१ | ४६ | ४१४ | ० | ६०९ | |
| कुल जम्मा | २ | ४६ | १०१ | ४८९ | ४१४ | ० | १०५२ | |

(ख) तालिम सम्बन्धी

| समूह | मिति २०७९ साउन १ गतेदेखि मिति २०७९ असोज मसान्तसम्मको जम्मा प्रशिक्षित जनशक्ति | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्जागत संख्या | | | | | | | | | | | | | |
| | प्रनामनि | प्रवउ | प्रउ | प्रनाउ | प्रनि | प्रवनानि | प्रनानि | प्रसनि | प्रवह | प्रह | प्रसह | प्र.ज. | प्र.का.स | जम्मा |
| आधारभूत तालिम | ० | ० | ० | ० | ० | ० | ० | ५५१ | ० | ० | ० | ५१३४ | २०३ | ५८८८ |
| उन्नत तालिम | ० | ० | १ | ८ | ६९ | १४ | ३६ | ३२० | ६० | ९७ | १५३ | ७३९ | ० | १४९७ |
| अनुशिक्षण तालिम | ० | ० | १ | १० | ५९ | १७ | ३७ | २०७ | ६ | २४ | ४९ | १३२ | ० | ५४२ |
| कुल जम्मा | ० | ० | २ | १८ | १२८ | ३१ | ७३ | १०७८ | ६६ | १२१ | २०२ | ६००५ | २०३ | ७९२७ |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(४) विविध तर्फ:

(क) समुदाय प्रहरी साझेदारी कार्यक्रमसम्बन्धी :-

(१) काठमाडौं उपत्यका प्रहरी कार्यालय

| सि.नं | कार्यक्रमको शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कै. |
|---|---|---|---|---|
| १ | विद्यालय सम्पर्क समिति गठन | ० | ० | |

(२) १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर।

| सि.न. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कै. |
|---|---|---|---|---|
| १ | जनचेतनामूलक विभिन्न कार्यक्रमहरू | १०७९ | ५५०२९ | |

(३) मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर।

| सि.नं. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कै. |
|---|---|---|---|---|
| १ | महिला हिंसा, लैङ्गिक हिंसा, लागूऔषध बालयौन दुर्व्यवहार, अन्तर्क्रिया छलफल, जबरजस्ती करणी लगायतका कार्यक्रम, सचेतनामूलक कार्यक्रम, सडक सरसफाइ कार्यक्रम, सामाजिक संजालको दुरूपयोग लगायतका कार्यक्रम | १५२४ | ५९३५१ | |

(४) बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा।

| सि.नं. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रममा सहभागी संख्या | कै. |
|---|---|---|---|---|
| १. | आधारभूत सुरक्षा, लैङ्गिक हिंसा/ मानव बेचविखन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम, नागरिक सुनुवाइ, अन्तरक्रिया छलफल, जुवातास न्यूनीकरण, आत्महत्या रोकथाम, कोभिड-१९ रोकथाम सम्बन्धी कार्यक्रम, सरसफाइ, सचेतनामूलक कार्यक्रम तथा संक्रमण लगायत विविध कार्यक्रम | १४१० | १४९९८६ | |

(५) गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा।

| सि.न. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रमा सहभागी संख्या | कै. |
|---|---|---|---|---|
| १ | जनचेतनामूलक विविध कार्यक्रम | १२७५ | ५६९८५ | |



नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल

(६) लुम्बिनी प्रदेश प्रहरी कार्यालय।

| सि.न. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रमा सहभागी संख्या | कै. |
|---|---|---|---|---|
| १ | मानव बेचविखन तथा ओसारपसारसम्बन्धी, सडक सुरक्षा, सवारी दुर्घटना तथा ट्राफिक नियम, गाँजा फडानी लगायत विविध जनचेतनामूलक | ११८८ | ४५०१५ | |

(७) कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत।

| सि.न. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रमा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विभिन्न जनचेतनामूलक कार्यक्रम | ८१३ | १३४५५ | |

(८) सुदुरपश्चिम प्रदेश प्रहरी कार्यालय।

| सि.न. | कार्यक्रम शीर्षक | कार्यक्रम संख्या | कार्यक्रमा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विविध जनचेतनामूलक कार्यक्रम | ६६३ | ३४४६९ | |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

(ख) कर्तव्यपालनको सिलसिलामा कोरोना संक्रमित तथा मृत्यु भएका प्रहरी कर्मचारीको सङ्ख्या:-

| सि. नं. | प्रहरी कार्यालयको नाम/अन्य कार्यालयको नाम | COVID-19 Positive प्र.क.हरूको संख्या | | | COVID-19 Positive निको भएका प्र.क.हरूको संख्या | | | COVID-19 Positive उपचारार्थप्र.क.हरूको संख्या | | | COVID-19 Positive मृत्यु प्र.क.हरूको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | अ.दु.अ.आयोग, टंगाल | २ | १ | ३ | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० |
| २ | सम्पत्ती शुद्धिकरण अनुसन्धान विभाग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ने.प्र.अ. महाराजगंज | ५ | ६ | ११ | ५ | ६ | ११ | ० | ० | ० | ० | ० | ० |
| ४ | रा.प्र.प्र.प्र.महाराजगंज अन्तरगतका तालिम केन्द्र | १ | ५ | ६ | १ | ५ | ६ | ० | ० | ० | ० | ० | ० |
| ६ | प्र.प्र.का र मातहत कार्यालय | ४ | १२ | १६ | ४ | १२ | १६ | ० | ० | ० | ० | ० | ० |
| ७ | काठमाडौं उपत्यका प्रहरी कार्यालय मातहत | ३ | १४ | १७ | ३ | १४ | १७ | ० | ० | ० | ० | ० | ० |
| ८ | १ नं. प्रदेश | ३ | १२ | १५ | ३ | १२ | १५ | ० | ० | ० | ० | ० | ० |
| ९ | मधेश प्रदेश | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | बागमती प्रदेश | ० | ५ | ५ | ० | ५ | ५ | ० | ० | ० | ० | ० | ० |
| ११ | गण्डकी प्रदेश | १ | २१ | २२ | १ | २१ | २२ | ० | ० | ० | ० | ० | ० |
| १२ | लुम्बिनी प्रदेश | ० | २ | २ | ० | २ | २ | ० | ० | ० | ० | ० | ० |
| १३ | कर्णाली प्रदेश | १ | ७ | ८ | १ | ७ | ८ | ० | ० | ० | ० | ० | ० |
| १४ | सुदूरपश्चिम प्रदेश | २ | ८ | १० | २ | ८ | १० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | २२ | ९३ | ११५ | २२ | ९३ | ११५ | ० | ० | ० | ० | ० | ० |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद:-**

**प्रवक्ता**:- प्र.ना.म.नि. टेक प्रसाद राई

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि:-**

(क) नेपालको संविधान २०७२ मा व्यवस्था भएअनुसारका धाराहरू।
(ख) मुलुकी अपराध (संहिता)२०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) २०७४ संशोधन सहित।
(ग) प्रहरी ऐन, २०१२।
(घ) प्रहरी नियमावली, २०७१।
(ङ) विभिन्न निर्देशिकाहरू

- Guidelines for Collection and Preservation of DNA Evidence (2074-03-05)
- विधि विज्ञान सेवा हस्त पुस्तिका (Handbook of Forensic Service) (२०७४-०३-०५)
- अन्तर-क्षेत्रीय प्रहरी कार्यालय कार्य दक्षता मूल्याङ्कन कार्यनिर्देशिका २०७२ (संशोधनसहित)
- विपद् व्यवस्थापन महाशाखा तथा मातहत एकाइहरूको सञ्चालन सम्बन्धी कार्यादेश (SOP) २०७३
- सावधिक जीवन बीमा कोष संचालन कार्यविधि, २०७२
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ (२०७२-०२-२६)
- अमर प्रहरी परिवार तथा अवकाश प्राप्त अशक्त प्रहरी क्षेत्रीय कोष संचालन निर्देशिका, २०७०
- नेपाल प्रहरी पोलिग्राफ निर्देशिका, २०७०
- प्रहरी आवास सुविधा प्रयोग तथा संचालन निर्देशिका, २०७०
- सहुलियत ऋण कार्यविधि - २०७०
- प्रहरी आवास सुविधा प्रयोग तथा संचालन निर्देशिका, २०७०
- सहुलियत ऋण कार्यविधि - २०७०
- भ्रमण सेवा कक्ष (Travel Help Desk) कार्य सञ्चालन निर्देशिका, २०६८
- नेपाल प्रहरीको काज सम्बन्धी निर्देशिका, २०६९
- पूर्व प्रहरी कर्मचारीको परिचय-पत्र वितरण तथा फाराम सम्बन्धी निर्देशिका, २०६९
- सूचना तथा विज्ञापनको समानुपातिक वितरण प्रणालीसम्बन्धी निर्देशिका, २०६९

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**:- आर्थिक नियमानुसार भइरहेको।

१३. **तोकिएबमोजिमका अन्य विवरण:-**

माग भई आएअनुसारको सूचना तथा अन्य विवरणहरू सम्बन्धितलाई लिखित तथा मौखिक रूपमा तोकिएकै समयमा उपलब्ध गराउदै आइरहेको।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:-**

१५. **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:-** https://www.nepalpolice.gov.np



नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:-**

नेपाल सरकारको नीति र निर्देशनबमोजिम आवश्यकताअनुसार नेपाल सरकारको समन्वयमा वैदेशिक सहायता एवं प्राविधिक सहयोगमा प्रहरीका भौतिक संरचनाहरूको निर्माण, अपराध अनुसन्धान तथा सार्वजनिक सुव्यवस्था कायम राख्न सवारी साधनहरू, उपकरण तथा प्रहरी कर्मचारीहरूको प्रशिक्षण, क्षमता अभिवृद्धि लगायत अन्य कार्य गर्ने गरिएको।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:-**

अपराध रोकथाम, सामाजिक विकृति विसङ्गति विरुद्ध जनचेतना फैलाउने, सुरक्षा व्यवस्थापनमा जनसहयोग अभिवृद्धि गर्ने र समग्रमा सामुदायिक सुरक्षालाई अभिवृद्धि गर्न नेपाल प्रहरी र स्थानीय तहको बीचमा सम्बद्ध सरोकारवालाहरूलाई समेत समेटी संस्थागत साझेदारी निर्माण गर्ने उद्देश्यअनुरूप देशभरका ७७ जिल्लाका ७५३ स्थानीय तहसँग समझदारी पत्रमा हस्ताक्षर भई विविध कार्यक्रमहरू संचालन भइरहेका छन्। यसका साथै पाक्षिक टेलिभिजन कार्यक्रम, रेडियो कार्यक्रम, वेबसाइट, सामाजिक संजाल (फेसबुक, ट्विटर, इन्स्टाग्राम, युट्युब), समय समयमा पत्रकार सम्मेलन र प्रेस विज्ञप्तिहरू जारी गरी आवश्यकताअनुसार सर्वसाधारणलाई सुसूचित गर्ने गरिएको।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:-**

सूचनाको महत्व र यसबाट पर्ने प्रभावको आधारमा सूचनाको वर्गीकरण गरिएको। नेपाल प्रहरीले गर्ने कतिपय काम कारबाहीहरू सुरक्षाको दृष्टिकोणबाट संवेदनशील हुने र अपराध अनुसन्धान जस्तो संवेदनशील विषय वर्षौंसम्म पनि निरन्तर रहने भएकाले सूचनाको वर्गीकरण गरी सूचनाको सुरक्षा गर्ने गरिएको।

**१९. सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर दिइएको विषय:-**

मौखिक तथा लिखित माग गरिएका सूचनाहरू सम्बन्धितलाई उपलब्ध गराइएको। माथि उल्लेखित अवधिमा माग गरिएका सूचनाहरू समयमा नै उपलब्ध गराइएको।

**२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:-**

यस अवधिमा नेपाल प्रहरीद्वारा भए गरेका कार्यहरूबारे आवश्यकताअनुसार प्रेस विज्ञप्ति एवं पत्रकार सम्मेलन सचालन गरी सर्वसाधारणलाई सुसूचित गराउनुका साथै रेडियो तथा टेलिभजन कार्यक्रम, प्रहरी द्वैमासिक, वार्षिक प्रहरी दर्पण, मासिक प्रहरी बुलेटिन, फेसबुक, ट्विटर, युट्युब, इन्स्टाग्राम तथा वेबसाइट समेत संचालनमा ल्याई प्रगति प्रतिवेदन बारेमा जानकारी गराउने गराइएको। यसरी सम्प्रेषित सूचनाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संचार माध्यमहरूबाट समेत प्रकाशन तथा प्रसारण हुने गरेको।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल